# स्थानीय-राजपत्र

भरतपुर महानगरपालिकाद्धारा प्रकाशित

खण्ड: १ संख्याः ५४ मिति: २०७८/०४/२०

## भाग-२

## भरतपुर महानगरपालिका सहकारी अनुदान, शिक्षा, तालिम र अन्य कार्यक्रम सञ्चालन कार्यविधि, २०७८

भरतपुर महानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
भरतपुर, चितवन
बागमती प्रदेश, नेपाल

खण्ड-१, भाग-२ संख्या-५४

# सहकारी अनुदान, शिक्षा, तालिम र अन्य कार्यक्रम संचालन कार्यविधि, २०७८

नगर कार्यपालिकाको बैठकबाट पारित मितिः २०७८।०४।१८

प्रमाणिकरण मितिः २०७८।०४।२०

सहकारी संस्थाहरूलाई सवल, सक्षम र सुशासनयुक्त बनाउने उद्देश्यले भरतपुर महानगरपालिका, नगर कार्यपालिकाको कार्यालयबाट सहकारी अनुदान, शिक्षा, तालिम र अन्य कार्यक्रम प्रभावकारी रुपमा संचालन तथा कार्यान्वियन गर्न वान्छनीय भएकोले, सहकारी सहकारी ऐन, २०७५ को दफा १०२ (१) बमोजिम नगर कार्यपालिकाको ५६ औं बैठकले यो कार्यविधि बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः**

(१) यस कार्यविधिको नाम "सहकारी अनुदान, शिक्षा, तालिम र अन्य कार्यक्रम संचालन कार्यविधि, २०७८" रहेको छ ।

(२) यो कार्यविधि भरतपुर महानगरपालिका नगर कार्यपालिकाको बैठकले स्वीकृत गरी प्रमाणिकरण पश्चात स्थानीय राजपत्रमा प्रकाशन भएको मिति देखि लागु हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

क) "सहकारी अनुदान, शिक्षा, तालिम र अन्य कार्यक्रम" भन्नाले भरतपुर महानगरपालिका, सहकारी तथा रोजगार प्रवर्द्धन शाखाले स्वीकृत वार्षिक नगर विकास योजना अनुसार संचालन गर्ने सहकारी अनुदान कार्यक्रम, तालिम, गोष्ठी, अन्तरक्रिया, अभिमुखीकरण लगायतका अन्य कार्यक्रमहरु संझनुपर्दछ ।

ख) "कार्यपालिका" भन्नाले भरतपुर महानगरपालिको कार्यपालिकालाई जनाउने छ।

ग) "प्रमुख" भन्नाले भरतपुर महानगरपालिकाको नगर प्रमुखलाई जनाउने छ ।

घ) "उपप्रमुख" भन्नाले भरतपुर महानगरपालिकको नगर उपप्रमुखलाई जनाउने छ ।

ङ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले भरतपुर महानगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई जनाउने छ ।



प्रमुख

च) "महाशाखा प्रमुख" भन्नाले भरतपुर महानगरपालिकाको आर्थिक विकास महाशाखाको प्रमुखलाई जनाउने छ।

छ) "सहकारी उप-समिति" भन्नाले भरतपुर महानगरपालिकाको सहकारी उप-समितिलाई जनाउने छ।

ज) "शाखा" भन्नाले भरतपुर महानगरपालिकाको सहकारी तथा रोजगार प्रवर्द्धन शाखालाई जनाउने छ।

झ) "शाखा प्रमुख" भन्नाले भरतपुर महानगरपालिकाको सहकारी तथा रोजगार प्रवर्द्धन शाखा प्रमुखलाई जनाउने छ।

ञ) "मूल्यांकन समिति" भन्नाले यस कार्यविधिको दफा १४ बमोजिम गठन भएको मूल्यांकन समितिलाई जनाउने छ।

ट) "आयोजना" भन्नाले दफा ४ को उपदफा (३) बमोजिम संस्थाले सञ्चालन गर्न प्रस्ताव गरेको आयोजना सम्झनु पर्छ।

ठ) "ऐन" भन्नाले प्रचलित सहकारी ऐन सम्झनु पर्छ।

ड) "नियमावली" भन्नाले प्रचलित सहकारी नियमावली सम्झनु पर्छ।

ढ) "मापदण्ड" भन्नाले भरतपुर महानगरपालिकाको सहकारी संस्था संचालन, अनुगमन तथा नियमन सम्बन्धी मापदण्ड, २०७५ सम्झनु पर्छ।

ण) "मुख्य कारोबार" भन्नाले संस्थाले सञ्चालन गरेको व्यावसायिक क्रियाकलापहरूमा पछिल्लो आर्थिक बर्षसम्ममा परिचालित बचतको दायित्व र पछिल्लो आर्थिक बर्षको सदस्य तर्फको खरिद वा बिक्री कारोवारमा कम्तिमा तीस प्रतिशतभन्दा बढी हिस्सा भएको कारोबार सम्झनु पर्छ।

त) " विनियम" भन्नाले संस्थाको विनियम सम्झनु पर्छ।

थ) "सामुहिक कृषि उत्पादन" भन्नाले संस्थाले बहुवर्षीय रूपमा भूमिको व्यवस्था गरी आफ्ना सदस्यहरू प्रत्यक्षतः संलग्न गराएर सामूहिक वा व्यक्तिगत जोखिममा सञ्चालन गर्ने खेतीपाती सम्झनु पर्छ र सो शब्दले त्यसरी सामूहिक जोखिममा गरिने पशुपालन, माछापालन, रेशम खेती, मौरीपालन, कुखुरापालन लगाएतका अन्य कृषि व्यवसायलाई समेत जनाउँछ।

द) "समिति" भन्नाले संस्थाको सञ्चालक समिति सम्झनु पर्छ।

ध) "साधारण सभा" भन्नाले संस्थाको साधारण सभा सम्झनु पर्छ।

न) "सीमान्तकृत समुदाय" भन्नाले दलित र पिछडिएका अल्पसङ्ख्यक जनजाति समुदाय सम्झनु पर्छ र सो शब्दले अपाङ्गता भएका व्यक्तिहरूलाई समेत जनाउँछ।

प) "संस्था" भन्नाले सहकारी संस्था सम्झनु पर्छ र सो शब्दले सहकारी सङ्घलाई समेत जनाउँछ।

३. **सहकारी अनुदान, शिक्षा, तालिम र अन्य कार्यक्रमको उद्देश्य:** यस कार्यविधि बमोजिम संचालन गरिने शिक्षा, तालिम र अन्य कार्यक्रमको उद्देश्य निम्न बमोजिम हुनेछ:

क) सहकारी क्षेत्रमा आवद्ध जनशक्तिको क्षमता अभिवृद्धि गरी सवल र सक्षम बनाउने,

ख) भरतपुर महानगरपालिका, सहकारी तथा रोजगार प्रवर्द्धन शाखाबाट स्वीकृत वार्षिक कार्यक्रमको परिधिमा रही संस्थाको संस्थागत क्षमता अभिवृद्धि, विकास तथा प्रवर्द्धन गर्ने,

ग) संस्थाको व्यवसायीकता र पूर्वाधारको विकास गर्ने,

घ) उत्पादनमूलक क्षेत्रमा संस्थाको लगानीलाई प्रोत्साहित गर्ने,

ङ) संस्था मार्फत रोजगारी र स्वरोजगारी सिर्जना गर्ने,

च) संस्थाहरूलाई सूचना प्रविधिमैत्री बनाउन प्रोत्साहित गर्ने,

छ) संस्थाको कारोवारलाई सदस्यमैत्री र पारदर्शी बनाउने,

ज) सहकारी क्षेत्रको समग्र विकासमा अभिप्रेरित गर्ने,

झ) सहकारी तथा रोजगार प्रवर्द्धन क्षेत्रको कार्यक्रम प्रभावकारी रुपमा संचालन गर्ने।

प्रमुख

## परिच्छेद - २

## अनुदान सम्बन्धी व्यवस्था

४. **अनुदान दिन सक्ने:**

१) संस्थाको मागमा आधारित आयोजना सञ्चालन गर्न भरतपुर महानगरपालिकाले देहाय बमोजिम अनुदान दिन सक्नेछ :-

क) बीउपुँजी अनुदान,

ख) पुँजीगत अनुदान,

ग) कार्यक्रम अनुदान,

घ) ब्याज अनुदान।

२) महानगरपालिकाबाट प्रत्येक वर्ष प्रदान गरिने अनुदान रकमको अधिकतम सीमा सहकारी तथा रोजगार प्रवर्द्धन शाखाको स्वीकृत बजेट तथा कार्यक्रममा व्यवस्था भएबमोजिम हुनेछ।

३) अनुदान दिंदा देहायका संस्थाको देहाय बमोजिमका आयोजनाका लागि दिन सकिनेछः–

क) संस्थाले आफ्ना सदस्यहरूलाई सामूहिक वा व्यक्तिगत रूपमा वस्तु वा सेवा उत्पादन गरी स्वरोजगारीका अवसर दिलाउने आयोजना,

ख) संस्थाले दीर्घकालीन रूपमा भूमिको व्यवस्था गरी सदस्यलाई संलग्न गराई सञ्चालन गर्ने सहकारी/सामुहिक खेतीका आयोजना,

ग) संस्थाले आफ्ना सदस्यहरूको उपज सङ्कलन, सञ्चय, प्रशोधन तथा बजारीकरण गर्ने सम्बन्धी आयोजना,

घ) संस्थाले आफ्ना सदस्यहरूलाई अत्यावश्यक दैनिक उपभोग्य वस्तुहरू विक्री वितरण गर्ने गरी संचालनमा ल्याएको उपभोक्ता भण्डार आयोजना,

ङ) संस्थाले सङ्गठित भई सामूहिक रुपमा सञ्चालन गर्ने शीतघर, स्रोत केन्द्र, थोक बजार, यातायात, स्वास्थ्य सेवा, जलविद्युत, भारी उपकरण, कृषि औजार, प्रोसेसिङ प्लान्ट, मिल, ढुवानीका साधन, कृषि औजार कारखाना, भवन निर्माण, कस्टम हायरिङ सेन्टर लगायतका साझा उपयोगका आयोजना,

च) भरतपुर महानगरपालिका क्षेत्रमा सञ्चालित संस्थाहरूलाई कम्प्युटर, फर्निचर आदि खरिद अनुदान आयोजना,

छ) संस्थाका सदस्यहरूले संस्था मार्फत बिक्रि गरेको फलफूल, तरकारी, माछा तथा अन्य कृषि उपज उत्पादनमा लागत अनुदानको आयोजना,

ज) कृषि, पशुपंक्षी, मौरी, माछापालन आदि कृषि व्यवसाय र अन्य स्वरोजगार मुलक गैर कृषि व्यवसायमा संलग्न हुन् चाहने वा भइरहेका युवाहरुलाई दफा २७(३)मा तोकिएको निकायबाट लिने ऋणमा ब्याज अनुदान उपलब्ध गराउने आयोजना,

झ) उपभोक्ता भण्डार, सामुहिक कृषि उत्पादन, पशुपंक्षीपालन, मौरीपालन, माछापालन, उन्नत बिऊबिजनको उत्पादन, स्थानीय उत्पादनको भण्डारण, प्रशोधन, प्याकेजिङ्ग, बजारीकरण गर्न कस्टम हायरिङ्ग सेन्टर सञ्चालन गर्न चाहने गैर वित्तीय सहकारी संस्थाहरुलाई सहकारी संघ वा बैंक मार्फत लिने ऋणमा ब्याज अनुदान उपलब्ध गराउने आयोजना,

ञ) COPOMIS मा बिवरण अध्यावधिक गराउन प्रोत्साहन गर्ने आयोजना,

ट) सहकारी संस्थाको सहभागितामा सहकारी सम्बन्धी तालिम सञ्चालन गर्ने आयोजना,

ठ) सहकारी संस्थाको माग बमोजिमका अन्य आयोजनाहरु।

**५. बीउपुँजी अनुदान प्रदान गर्न सक्ने:**

१) भरतपुर महानगरपालिकाले संस्थाहरुलाई दफा ४ (३) बमोजिमको आयोजना सञ्चालन गर्न बीउपुँजी अनुदान प्रदान गर्न सक्नेछ।

२) उपदफा (१) बमोजिम बीउपुँजी अनुदान उपलब्ध गराउँदा दश लाखसम्मको सीमा कायम गर्नु पर्नेछ।

३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि महिला मात्र सम्मिलित संस्थाको हकमा बाह्र लाखसम्मको सीमा कायम गर्नु पर्नेछ।

४) उपदफा (२) र (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि एक पटक

बीउपुँजी अनुदान उपलब्ध गराइएको संस्थाहरुलाई दुई वर्षपछि बीउपुँजी अनुदान थप प्रदान गर्न सकिनेछ ।

५) यस दफा बमोजिम उपलव्ध गराइएको बीउपुँजी अनुदान संस्थाले आफ्नो जगेडा कोषमा राखी आयोजनाको उद्देश्य बमोजिम स्थिर वा कार्यशील पुँजीमा उपयोग गर्न सक्नेछ ।

६. **पुँजीगत अनुदान प्रदान गर्न सक्ने:**

१) दफा ४ (३) मा उल्लेखित आयोजना सञ्चालन गर्न भरतपुर महानगरपालिकाले संस्थाहरुलाई कुल स्थीर पुँजी आवश्यकताको पचास प्रतिशतसम्म पुँजीगत अनुदान प्रदान गर्न सक्नेछः–

२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि महिलाहरू मात्र सम्मिलित संस्थाद्वारा सञ्चालित आयोजनाको हकमा असि प्रतिशतसम्म पुँजीगत अनुदान प्रदान गर्न सकिनेछ ।

३) उपदफा (१) बमोजिम कार्यान्वयन गर्न एक वर्ष भन्दा बढी अवधी लाग्ने प्रकृतिका आयोजना बहुवर्षीय रूपमा स्वीकृत गर्न सकिनेछ ।

४) उपदफा (३) बमोजिम स्वीकृत गरिने बहुवर्षीय आयोजनाको अवधि, प्रदान गरिने वित्तीय अनुदानको भुक्तानी र तत्सम्बन्धी अन्य सर्तहरू आयोजनाको प्रकृति हेरी सहकारी उप–समितिले निर्धारण गरे बमोजिम हुनेछ ।

५) यस दफा बमोजिम प्रदान गरिएको पुँजीगत अनुदान संस्थाको जगेडा कोषमा राखी आयोजनाको पुँजीगत खर्चमा मात्र उपयोग गर्नु पर्नेछ ।

७. **कार्यक्रम अनुदान प्रदान गर्न सक्ने:**

१) संस्थाहरूलाई लागत सहभागितामा कार्यक्रम सञ्चालन अनुदान र प्रशासनिक अनुदान उपलब्ध गराउन सकिनेछ ।

२) उपदफा (१) बमोजिम प्रदान गरिने अनुदानको रकम सहकारी तथा रोजगार प्रवर्द्धन शाखाको स्वीकृत वार्षिक कार्यक्रममा व्यवस्था भएको बजेट सिमा बमोजिम हुनेछ ।

८. **सहकारी संस्थाहरुलाई ब्याज अनुदान प्रदान गर्न सक्ने:**

१) उपभोक्ता भण्डार, सामुहिक कृषि उत्पादन, पशुपंक्षीपालन, मौरीपालन, माछापालन, उन्नत बिऊबिजनको उत्पादन, स्थानीय उत्पादनको

भण्डारण, प्रशोधन, प्याकेजिङ्ग, बजारीकरण गर्न, कस्टम हायरिङ सेन्टर सञ्चालन गर्न चाहने गैर वित्तीय सहकारी संस्थाहरुलाई सहकारी संघ वा बैंक मार्फत लिने एक करोड रुपैयाँ सम्मको ऋणमा तिन वर्षसम्मको लागि असि प्रतिशतसम्म ब्याज अनुदान उपलब्ध गराउन सकिनेछ।

२) उपदफा (१) बमोजिम प्रदान गरिने ब्याज अनुदानको रकम सहकारी तथा रोजगार प्रवर्द्धन शाखाको स्वीकृत वार्षिक कार्यक्रममा व्यवस्था भएको बजेट सिमा बमोजिम हुनेछ।

**९. युवाहरुलाई ब्याज अनुदान प्रदान गर्न सक्ने:**

१) कृषि, पशुपंक्षी, मौरी, माछापालन आदि कृषि व्यवसायन र अन्य स्वरोजगार मुलक गैर कृषि व्यवसायमा संलग्न हुन चाहने वा भइरहेका युवाहरुलाई दफा २७(३)मा तोकिएको निकायबाट लिने तिन लाख र पाँच लाख रुपैयाँ सम्मको ऋणमा तिन वर्षसम्मको लागि क्रमशः सतप्रतिशत र असि प्रतिशतसम्म ब्याज अनुदान उपलब्ध गराउन सकिनेछ।

२) उपदफा (१) बमोजिम प्रदान गरिने ब्याज अनुदानको रकम सहकारी तथा रोजगार प्रवर्द्धन शाखाको स्वीकृत वार्षिक कार्यक्रममा व्यवस्था भएको बजेट सिमा बमोजिम हुनेछ।

**१०. अनुदान उपलब्ध नगराइने:**

१) दफा ५, ६, ७ र ८ मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायको अवस्थामा संस्थाहरुलाई अनुदान उपलब्ध गराइने छैन–

क) वार्षिक साधारण सभा सम्पन्न नगरेको,

ख) सञ्चालक समिति र लेखा सुपरिबेक्षण समितिको निर्वाचन नगरेको,

ग) वार्षिक लेखा परीक्षण नगराएको,

घ) कर चुक्ता प्रमाणपत्र नभएको,

ङ) संस्था दर्ता भएको कम्तिमा एक वर्ष पूरा नभएको तर बीउपुँजी अनुदानको हकमा प्रारम्भिक साधारण सभा सम्पन्न गरेपछि त्यस्तो अनुदान उपलब्ध गराउन सकिनेछ।

## परिच्छेद - ३

## अनुदान प्रदान गर्ने प्रक्रिया

**११. सूचना प्रकाशन गर्ने :**

१) वार्षिक नगर विकास योजनामा उल्लेख भए बमोजिम सहकारी तथा रोजगार प्रवर्द्धन शाखाले स्थानीय संचार माध्यम मार्फत अनुदान मागको सार्वजनिक सूचना प्रकाशन गर्नेछ ।

२) दफा ११(१) मा जुनसुकै कुरा लेखिएको भए तापनि वार्षिक नगर विसकास योजनामा अनुदानको रकम खुलाई लाभग्राही तोकिएको अवस्थामा सम्बन्धित लाभग्राहीसँग सहकारी तथा रोजगार प्रवर्द्धन शाखाले सम्पर्क गरी लाभग्राहीले पेश गरेको बिल, भर्पाईको रकम भुक्तानीको लागि आर्थिक प्रशासन महाशाखामा सिफारिस गर्नुपर्नेछ ।

**१२. दरखास्त पेस गर्नुपर्ने :** यस कार्यविधि बमोजिम अनुदान प्राप्त गर्न चाहने संस्थाले देहायका कागजात तथा विवरण संलग्न गरी दफा ११(१) बमोजिम प्रकाशित सूचनामा दिइएको अवधि भित्र अनुसूची-१ बमोजिमको ढाँचामा कार्यालयमा दरखास्त / प्रस्तावना दिनु पर्नेछः–

क) संस्था दर्ता प्रमाणपत्रको प्रतिलिपि,

ख) सम्बन्धित वडा कार्यालयको सिफारिस,

ग) पछिल्लो आर्थिक वर्षको लेखापरीक्षण प्रतिवेदन,

घ) कर चुक्ताको प्रमाणपत्र,

ङ) आयोजनाको प्रस्ताव,

च) सञ्चालक समितिका पदाधिकारीको नाम, ठेगाना र सम्पर्क टेलिफोन नम्बर खुलेको विवरण,

छ) पचास लाखरुपैयाँ भन्दा माथिको कुल लागत भएको आयोजना भए विस्तृत सम्भाव्यता अध्ययन प्रतिवेदन र सोभन्दा कम कुल लागत भएको आयोजना भए पूर्वसम्भाव्यता अध्ययन प्रतिवेदन,

ज) जग्गा प्राप्त गर्नुपर्नेमा प्राप्ति खुल्ने कागजात जस्तै निजि जग्गा भए जग्गा करार सम्झौता र सार्वजनिक जग्गा भए सम्वन्धित वडा कार्यालयको सिफारिस,

झ) अनुसूची –२ बमोजिम आयोजनाको विवरण,

ञ) ब्याज अनुदानको लागि आवेदन गर्ने संस्थाले ऋण प्रदान गर्ने निकायको ऋण प्रदान गर्ने प्रतिबद्धता सहित ब्याजदर खुलेको प्रमाणित कागजात।

**१३. प्रारम्भिक छानविन गर्ने:**

१) दफा १२ बमोजिम प्राप्त दरखास्त उपर सहकारी तथा रोजगार प्रवर्द्धन शाखाले प्रारम्भिक कागजातहरु रुजु गर्नेछ।

२) उपदफा (१) बमोजिम कागजातहरु रुजु पश्चात सहकारी तथा रोजगार प्रवर्द्धन शाखाले दफा १४ (१) बमोजिम गठित अनुदान प्रस्ताव मूल्याङ्कन समिति समक्ष अनुसूची-३ बमोजिमको मूल्याङ्कन प्रतिवेदन तयार गर्न पेश गर्नेछ।

३) मूल्यांकन समितिबाट प्राप्त भएको प्रतिवेदन महाशाखा/शाखा प्रमुख मार्फत सहकारी उप-समितिमा पेश गरिनेछ। सहकारी उप-समितिले लाभग्राही छनौट र कार्यक्रम संचालनका लागि आवश्यक निर्णय लिनेछ। उप-समितिले कार्यक्रम संचालनका क्रममा वाधा व्यवधान परेमा आवश्यक निर्णय गरी कार्यक्रम संचालन गर्न सहयोग गर्नेछ।

४) सहकारी संस्थाको कार्यक्रमलाई उपलब्ध हुने अधिकतम अनुदान र अनुदान प्रतिशत मूल्यांकन समितिको सिफारिसमा सहकारी उप-समितिले तोके बमोजिम हुनेछ।

५) दरखास्त छानविनका सिलसिलामा आवश्यक अन्य निर्देशन सहकारी उप-समितिले तोकेबमोजिम हुनेछ।

६) सहकारी उप-समितिको निर्णयमा गुनासो परेमा थप निर्णय नगर कार्यपालिकाले गर्नेछ।

**१४. प्रस्तावको मूल्याङ्कन गर्ने:**

(१) दफा १३ को उपदफा (२) बमोजिम प्राप्त प्रस्तावको मूल्याङ्कन गरी सिफारिस गर्न देहाय बमोजिमको अनुदान प्रस्ताव मूल्याङ्कन समिति रहनेछः

क) अध्यक्षः प्रमुख प्रशासकीय अधिकृत — १ जना

ख) सदस्यः आर्थिक विकास महाशाखा प्रमुख — १ जना

ग) सदस्यः संयोजक, सहकारी उप-समिति — १ जना

घ) सदस्यः प्रतिनिधि, कृषि तथा पशुपन्छी व्यवसाय प्रवर्द्धन शाखा — १ जना

ङ) सदस्य सचिवः सहकारी अधिकृत — १ जना

२) मूल्याङ्कन प्रयोजनका लागि सहकारी तथा रोजगार प्रवर्द्धन शाखाले दफा ११(१) बमोजिमको सूचनाको म्यादभित्र शाखामा दर्ता भएका सबै दरखास्तहरू प्राप्त भएको सुनिश्चित गर्नु पर्नेछ।

३) मूल्याङ्कन गर्दा प्रस्ताव मूल्याङ्कन समितिले दफा ४ को उपदफा (२) बमोजिम छुट्ट्याइएको बजेटको सीमाभित्र रही प्रत्येक प्रस्तावलाई अनुसूची-३ बमोजिमको आधारमा मूल्याङ्कन गरी अङ्क प्रदान गर्नु पर्नेछ।

**१५. आयोजना प्रस्तावको स्वीकृति :**

१) दफा १४ (१) बमोजिम प्रस्ताव मूल्याङ्कन समितिबाट सिफारिस भएको प्रस्ताव स्वीकृतिका लागि सहकारी तथा रोजगार प्रवर्द्धन शाखाले सहकारी उप-समिति समक्ष पेस गर्नुपर्नेछ।

२) उपदफा (१) बमोजिम प्राप्त आयोजना प्रस्तावमा विचार गरी अनुदानको लागि योग्य देखिएमा सहकारी उप-समितिले स्वीकृति प्रदान गर्न सक्नेछ।

३) सहकारी उप-समितिको निर्णय पश्चात छनौट भएका लाभग्राहीको नतिजा सहकारी तथा रोजगार प्रवर्द्धन शाखाको सूचना पाटीमा टाँस गरिनेछ।

४) अनुदानका लागि छनौट भएका सहकारी संस्थासँग कार्य सञ्चालनको लागि सम्झौता गरिनेछ। सम्झौता बमोजिम कार्य सम्पन्न गरेपछी वडा कार्यालयको सिफारिसका आधारमा महानगरपालिकाले भुक्तानी दिनेछ।

५) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएतापनि स्वीकृतिका लागि प्राप्त आयोजना प्रस्ताव यस कार्यविधि बमोजिम भएको नदेखिएमा सहकारी उप-समितिले पुनःमूल्याङ्कनका लागि कुनै वा सबै प्रस्ताव मूल्याङ्कन समितिमा फिर्ता पठाउनेछ।

६) यस कार्यविधिमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि सहकारी उप-समितिले आवश्यक देखेका उपयुक्त आयोजनालाई कुनै सर्त, बन्देज

तोकी प्रस्ताव स्वीकृत गर्न सक्नेछ ।

७) सहकारी उप-समितिको निर्णयमा गुनासो परेमा थप निर्णय नगर कार्यपालिकाले गर्नेछ ।

## परिच्छेद - ४

## कार्यान्वयन, अनुगमन र मूल्याङ्कन

**१६. भुक्तानी विधि:**

१) यस कार्यविधि बमोजिम संस्थाहरुलाई उपलब्ध गराइने अनुदानको रकम देहाय बमोजिम भुक्तानी गर्न सकिनेछः–

क) सम्झौता भएपछि पच्चीस प्रतिशतसम्म र

ख) खण्ड (क) बमोजिम प्राप्त रकमको खर्चको फाँटबारी र निर्माण कार्यको हकमा रनिङ बिलसहितको अन्तरिम प्रतिवेदन प्राप्त भएपछि बाँकी रकम ।

२) उपदफा (१) बमोजिम संस्थाहरुलाई प्रदान गरिने रकम अनुदान उपलब्ध गराउन सम्झौता गर्ने कार्यालयबाट भुक्तानी दिइनेछ ।

३) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि संस्थाले आयोजना सञ्चालन गर्दा आवश्यक पूर्वतयारी पुरा गर्नुपर्नेमा त्यस्तो पूर्वतयारी पुरा नगरेसम्म र सहकारी उप-समितिले दफा १५ को उपदफा (६) बमोजिम कुनै सर्त, बन्देज तोकेकोमा त्यस्तो सर्त, बन्देज पालना नगरेसम्म कुनै पनि रकम प्रदान गरिने छैन ।

**१७. सार्वजनिक खरिद ऐन लागु हुने:** यस कार्यविधि बमोजिम संस्थाले प्राप्त गर्ने अनुदानको रकम खर्च गर्दा, कार्यक्रमको लेखाँकन, कारोवार, लेखा परिक्षण गर्दा आर्थिक कार्यविधि ऐन, २०५५, आर्थिक नियमावली, २०६४, सार्वजनिक खरिद ऐन, २०६३ तथा सार्वजनिक खरिद नियमावली, २०६४ बमोजिम गरिने छ ।

**१८. अनुदानको सदुपयोग गर्नुपर्ने:**

१) संस्थाले अनुदानको रकम आफ्नो खातामा आम्दानी बाँधी जुन प्रयोजनको लागि प्राप्त भएको हो, सोही प्रयोजनमा मात्र उपयोग गर्नु पर्नेछ ।

२) संस्थाले उपदफा (१) बमोजिम आम्दानी बाँधिएको अनुदानको रकमको उपयोग खुल्ने गरी स्रेस्ता राखी अद्यावधिक गर्नु पर्नेछ ।

**१९. प्रतिवेदन दिनुपर्ने:** संस्थाले यस कार्यविधि बमोजिम प्राप्त गरेको अनुदानबाट सम्पन्न गरेका कार्य, खर्च र प्रतिफल सहितको विवरण देहायको अवधि भित्र अनुदान उपलब्ध गराउन सम्झौता गर्ने कार्यालयमा पेस गर्नु पर्नेछः–

क) पहिलो अन्तरिम प्रतिवेदन दोस्रो किस्ता लिनु अगावै,

ख) वार्षिक प्रतिवेदन आर्थिक वर्ष समाप्त भएको तीस दिनभित्र र

ग) आयोजनाको प्रतिफल र उपलब्धी सहितको अन्तिम प्रतिवेदन आयोजना सम्पन्न भएको एक वर्षभित्र ।

**२०. अनुगमन गर्नुपर्ने:**

१) यस कार्यविधि बमोजिम अनुदान प्रदान गरिएका आयोजनाको सहकारी उपसमितिले अनुगमन गर्नु पर्नेछ । अनुगमन कार्यमा संस्थाले आवश्यक सहयोग गर्नुपर्नेछ ।

**२१. अनुदान रोक्का गर्न सक्ने:**

१) दफा २० बमोजिम अनुगमन गर्दा संस्थाले प्राप्त वित्तीय अनुदानको सदुपयोग नगरेको वा सम्झौताको कुनै सर्त पालना गरेको नपाइएमा अनुगमन प्रतिवेदनको सिफारिसको आधारमा कार्यालयले मुनासिब समय दिई देहाय बमोजिम गर्न सक्नेछ :-

क) उपयोग नगरेको रकम वा खरिद भएको उपकरणको उपयोग गर्न लगाउने,

ख) अधुरो निर्माण कार्य सुचारु गर्न लगाउने र

ग) सम्झौताको सर्त पालना नभएकोमा पालना गर्न लगाउने ।

२) उपदफा (१) बमोजिम दिइएको समयभित्र संस्थाले आवश्यक सुधार नगरेमा कार्यालयले आवश्यक सुधार गरेपछि फुकुवा गर्ने गरी बाँकी किस्ताको भुक्तानी रोक्का राख्न सक्नेछ ।

**२२. असूल उपर गरिने :** दफा २० बमोजिम अनुगमन गर्दा यस कार्यविधि बमोजिम संस्थाहरुलाई प्रदान गरिएको अनुदानको रकम कुनै किसिमले दुरुपयोग गरिएको

पाइएमा त्यस्तो रकम दुरुपयोग गर्ने संस्थाका सदस्य तथा पदाधिकारीको घर घरानाबाट सरकारी बाँकी सरह असूल उपर गरिनेछ ।

२३. **सफाई पेस गर्ने मौका दिनुपर्ने :** दफा २१ बमोजिम अनुदान रोक्का राख्नुपर्दा वा दफा २२ वमोजिम रकम असुल उपर गर्नुपर्दाको अवस्थामा सम्वन्धित संस्थाहरुलाई सफाई पेस गर्ने मुनासिब माफिकको समय दिनुपर्नेछ ।

२४. **अनुदानको लेखापरीक्षण:**

१) संस्थाले यस कार्यविधि बमोजिम प्राप्त वित्तीय अनुदानको लेखापरीक्षण सहकारी ऐनमा व्यवस्था भए बमोजिम गराउनु पर्नेछ ।

२) उपदफा (१) बमोजिम लेखापरीक्षण गराउने प्रयोजनका लागि संस्थाले प्राप्त रकमको स्रेस्ता तथा बिल भरपाईहरू यस कार्यविधि बमोजिम अलग्गै रूपमा सुरक्षित राख्नु पर्नेछ ।

३) उपदफा (१) बमोजिमको लेखापरीक्षण प्रतिवेदन संस्थाले साधारण सभाबाट स्वीकृत भएपछि भरतपुर महानगरपालिकामा पेश गर्नु पर्नेछ ।

४) उपदफा (१) बमोजिम सम्पन्न लेखापरीक्षण प्रतिवेदन त्रुटीपूर्ण रहेको भनी उजुरी परेमा भरतपुर महानगरपालिकाले तत्सम्बन्धमा छानबिन गरी संस्थालाई पुनः लेखापरीक्षण गराउन निर्देशन दिन सक्नेछ ।

२५. **साधारण सभालाई जानकारी गराउनु पर्ने:** यस कार्यविधि बमोजिम अनुदान प्राप्त भए पछि संस्थाले लगत्तै बस्ने साधारण सभामा सोको सम्पूर्ण विवरण सहितको जानकारी गराउनु पर्नेछ ।

२६. **विवरण सार्वजनिक गर्नुपर्ने:**

१) संस्थाले भरतपुर महानगरपालिकाबाट प्राप्त गरेको अनुदानको प्रयोजन समेत खुल्ने विवरण र खर्चको फाँटवारी आयोजना स्थल वा संस्थाको कार्यालयमा सर्वसाधारणको जानकारीका लागि प्रष्टसँग पढ्न सकिने गरी सूचना पाटीमा लेखी सार्वजनिक गर्नु पर्नेछ ।

## परिच्छेद – ५
## विविध

**२७. युवाहरुलाई ब्याज अनुदान प्रदान गर्न सक्ने:**

१) कृषि, पशुपंक्षी, मौरी, माछापालन आदि कृषि व्यवसाय र अन्य स्वरोजगार मुलक गैर कृषि व्यवसायमा संलग्न हुन् चाहने वा भइरहेका युवाहरुलाई ब्याज अनुदान उपलब्ध गराउन कार्यक्रम संचालन गरिनेछ। ब्याज अनुदान कार्यक्रम संचालनको लागि निम्न कागजातहरू संलग्न राखी अनुसूची-४ बमोजिमको ढाँचामा दरखास्त पेश गर्न सार्वजनिक सूचना प्रकाशित गरिनेछ।

क) नागरिकताको प्रमाणपत्रको प्रतिलिपि,

ख) संचालन गर्ने व्यवसाय र टोल खुलाई सम्बन्धित वडा कार्यलयको सिफारिस,

ग) व्यवसाय प्रारम्भ गरेको भए ऋण तथा ब्याजको रकम खुल्ने कागजत / Bank statement तर व्यवसाय प्रारम्भ गरी नसकेको भए ऋण प्रदान गर्ने निकायको ऋण प्रदान गर्ने प्रतिवद्धता सहित ब्याजदर खुलेको प्रमाणित कागजात,

घ) अनुसूची ५ बमोजिमको ढाँचामा विवरण।

२) ऋणमा ब्याज अनुदान उपलब्ध गराउदा सहकारी संस्था वा बैंक मार्फत लिने तिन लाख र पाँच लाख रुपैयाँ सम्मको ऋणमा तिन वर्षसम्मको लागि क्रमशः सतप्रतिशत र असि प्रतिशत रकम अनुदान उपलब्ध गराइनेछ।

३) ऋणको ब्याज अनुदान उपलब्ध गराउदा निम्न बैंक/संस्थाहरुवाट ऋणलिई कारोवार गरेका/गर्ने उद्यमीहरुलाई प्राथमिकता दिइनेछ।

क) कृषि विकास/वाणिज्य/विकास वैंक/फाइनान्स,

ख) सहकारी संस्था,

ग) लघु वित्तीय संस्था।

**२८. प्रारम्भिक छानविन गर्ने:**

१) दफा २७ बमोजिम प्राप्त दरखास्त उपर सहकारी तथा रोजगार प्रवर्द्धन शाखाले प्रारम्भिक छानविन गर्नेछ।

२) उपदफा (१) बमोजिम छानविन गर्दा यस कार्यविधि बमोजिम प्रारम्भिक छानविन पश्चात सहकारी तथा रोजगार प्रवर्द्धन शाखाले दफा १४ (१) बमोजिम गठित अनुदान प्रस्ताव मूल्याङ्कन समिति समक्ष अनुसूची-६ बमोजिमको मूल्याङ्कन प्रतिवेदन तयार गर्न पेश गर्नेछ ।

३) मूल्यांकन समितिबाट प्राप्त भएको प्रतिवेदन महाशाखा/शाखा प्रमुख मार्फत सहकारी उप-समितिमा पेश गरिनेछ । सहकारी उप-समितिले लाभग्राही छनौट र कार्यक्रम संचालनका लागि आवश्यक निर्णय लिनेछ। उप-समितिले कार्यक्रम संचालनका क्रममा वाधा व्यवधान परेमा आवश्यक निर्णय गरी कार्यक्रम संचालन गर्न सहयोग गर्नेछ ।

४) कार्यक्रमवाट उपलव्ध हुने अधिकतम ब्याज अनुदान र ब्याज अनुदान प्रतिशत मूल्यांकन समितिको सिफारिसमा सहकारी उप-समितिले तोके बमोजिम हुनेछ ।

५) दरखास्त छानविनका सिलसिलामा आवश्यक अन्य निर्देशन सहकारी उप-समितिले तोकेबमोजिम हुनेछ ।

६) सहकारी उप-समितिको निर्णयमा गुनासो परेमा थप निर्णय नगर कार्यपालिकाले गर्नेछ ।

२९. **सहकारी क्षेत्र सुधारको लागि अनुगमन कार्यक्रम:** सहकारी क्षेत्र सुधारको लागि सहकारी संस्थाहरूको अनुगमन कार्यक्रम संचालन गरिनेछ । सहकारी संस्था अनुगमनको प्रतिवेदन भरतपुर महानगरपालिकामा प्राप्त भएपछि अनुगमनकर्ताहरुलाई प्रतिदिन प्रतिव्यक्ति एकहजार रुपैंया अनुगमन भत्ता उपलब्ध गराइनेछ ।

३०. **सहकारी तथा गरिवी सम्बन्धी व्यवस्थापन सूचना प्रणाली (COPOMIS) मा विवरण अध्यावधिक गराउन प्रोत्साहन अनुदान कार्यक्रम:**

१) सहकारी संस्थाहरुको बृहत एकीकरण र डिजिटल कारोबारलाई प्रोत्साहन गर्दै सहकारी तथा गरिवी सम्बन्धी व्यवस्थापन सूचना प्रणाली (COPOMIS) मा सहकारी संस्थाहरुको आवद्धतालाई प्रोत्साहन गर्न भरतपुर महानगरपालिका भित्रमात्रै कार्यक्षेत्र कायम भएका ईच्छुक सम्पूर्ण सहकारी संस्थाहरूलाई आफ्ना सदस्यहरुको विवरण COPOMIS मा

अध्यावधिक गर्दा प्रति सदस्य रु. ५/- (पाँच) अनुदान उपलब्ध गराइनेछ। यो अनुदान कार्यक्रम संचालनको लागि निम्न कागजातहरू संलग्न राखी दरखास्त पेश गर्न सहकारी उपसमितिको निर्णय अनुसार सार्वजनिक सूचना प्रकाशित गरिनेछ।

क. संस्थाको निवेदन,

ख. सूचनाको मिति सम्म संस्थाको कुल सदस्य संख्या र COPOMIS मा अध्यावधिक गर्न बाकीं सदस्य संख्या खुलाई अनुदान माग गर्ने संचालक समितिको निर्णय,

ग. COPOMIS मा विवरण अध्यावधिक गर्न लाग्ने समय सिमा खुलेको संचालक समितिको निर्णय।

२) आवेदक सहकारी संस्थाहरुसंग सहकारी उपसमितिको निर्णय अनुसार कार्य संचालन सम्झौता गरिनेछ।

३) सहकारी संस्थाले कार्यालयसंग गरेको सम्झौता पश्चात COPOMIS मा अध्यावधिक गरेको सदस्य संख्याको आधारमा सहकारी उपसमितिले सम्बन्धित सहकारी संस्थाहरुलाई भुक्तानी गर्न गरेको निर्णय अनुसार सहकारी तथा रोजगार प्रवर्द्धन शाखाले आर्थिक प्रशासन महाशाखामा भुक्तानीको लागि अनुरोध गर्नुपर्नेछ।

३१. **सहकारी अनुगमन तथा व्यवस्थापन प्रणाली सफ्टवेयर स्तरीकरण कार्यक्रम:** सहकारी क्षेत्र सुधारको लागि भरतपुर महानगरपालिकाले कार्यान्वयनमा ल्याएको सहकारी अनुगमन तथा व्यवस्थापन प्रणाली सफ्टवेयरलाई संस्थाहरुको पृष्ठपोषण र आवश्यकताको आधारमा स्तरीकरण कार्यक्रम संचालन गरिनेछ।

३२. **महानगर सहकारी गतिविधि प्रकाशन कार्यक्रम:** सहकारी तथा रोजगार प्रवर्द्धन शाखाका विविध गतिविधि, सहकारी संस्थाको संक्षिप्त विवरण, सहकारी सम्बन्धी लेखआदि विषयवस्तु समेटी महानगर सहकारी गतिविधि अंक-३ प्रकाशन कार्यक्रम संचालन सहकारी तथा रोजगार प्रवर्द्धन शाखाले गर्नेछ।

**३३. आम संचारको माध्यमबाट सहकारी सम्बन्धी नियमित सूचना प्रवाह कार्यक्रम :** सहकारी उपसमितिको निर्णय अनुसार आम संचारको माध्यमबाट सहकारी सम्बन्धी नियमित सूचना प्रवाह र आवश्यकता अनुसार सहकारी सम्बन्धी सार्वजनिक सूचनाको स्ट्याण्ड बोर्ड महानगरपालिकाको विभिन्न वडाहरुमा राख्ने व्यवस्था मिलाउने कार्यक्रम संचालन सहकारी तथा रोजगार प्रवर्द्धन शाखाले गर्नेछ ।

**३४. राष्ट्रिय सहकारी दिवस, सम्मान, पुरस्कार तथा सम्बन्धी विभिन्न विधामा प्रतियोगिता कार्यक्रम :** सहकारी उपसमितिको निर्णय अनुसार राष्ट्रिय सहकारी दिवस कार्यक्रम, सम्मान तथा पुरस्कार कार्यक्रम, सहकारीकर्मीहरु बिचमा मनोरन्जनात्मक तथा प्रतियोगितात्मक खेल कार्यक्रम, सहकारी सम्बन्धी विभिन्न विधामा प्रतियोगिता आदि कार्यक्रमको संचालन सहकारी तथा रोजगार प्रवर्द्धन शाखाले गर्नेछ ।

**३५. सहकारी तथा रोजगार प्रवर्द्धन शाखा व्यवस्थापन कार्यक्रम:** सहकारी तथा रोजगार प्रवर्द्धन शाखा व्यवस्थापन कार्यक्रमहरु प्रमुख प्रशासकीय अधिकृतबाट स्वीकृत गरी संचालन गरिनेछ ।

**३६. शिक्षा, तालिम संचालन गर्ने:**

१) सहकारी तथा रोजगार प्रवर्द्धन शाखाले संचालन गर्ने शिक्षा, तालिम कार्यक्रमहरु, सहभागी संख्या, विषय वस्तु, समयावधि लगायतका विषयहरु अनुसूची-७ मा उल्लेख गरे बमोजिम हुनेछ । शिक्षा, तालिम कार्यक्रमको आवश्यकता पहिचानका आधारमा अनुसूची-७ मा उल्लेखित विषयहरुलाई प्रमुख प्रशासकीय अधिकृतको स्वीकृतिमा हेरफेर गर्न सकिनेछ ।

२) भरतपुर महानगरपालिका, सहकारी तथा रोजगार प्रवर्द्धन शाखाले शिक्षा, तालिम कार्यक्रमहरु संचलन गर्दा सहकारी तथा रोजगार प्रवर्द्धन शाखाको वार्षिक वजेट तथा कार्यक्रममा उल्लेख भए बमोजिमका कार्यक्रमहरु कार्यक्रमको प्रकृति अनुसार स्वीकृत पाठ्यक्रमसंग सामञ्जस्य हुने गरी संचालन गरिनेछ ।

३) सहकारी तथा रोजगार प्रवर्द्धन शाखाले आफ्नो वार्षिक वजेट तथा कार्यक्रम अनुसारका शिक्षा, तालिम कार्यक्रमको प्रकृति अनुसार कार्यक्रमको लागत, सहभागी, कार्यक्रम संचालन गर्ने स्थान, कार्यक्रमको विषयवस्तु लगायतका प्रत्येक कार्यक्रमका लागि प्रमुख प्रशासकीय अधिकृत वा अख्तियार प्राप्त अधिकारीबाट निर्णय गराई सोही बमोजिम कार्यक्रम संचालन गर्नुपर्नेछ।

४) सहकारी तथा रोजगार प्रवर्द्धन शाखाको स्वीकृत वार्षिक वजेट तथा कार्यक्रम अनुसार संचालन गरिने लाभग्राहीको माग बमोजिमका स्व-रोजगार प्रवर्द्धन तालिम कार्यक्रम, लागत, सहभागी, कार्यक्रम संचालन गर्ने स्थान, कार्यक्रमको विषयवस्तु आदि प्रमुख प्रशासकीय अधिकृत वा अख्तियार प्राप्त अधिकारीबाट निर्णय गराई सोही बमोजिम कार्यक्रम संचालन गरिनेछ।

३७. **शिक्षा, तालिम कार्यक्रमका सहभागीहरुः** भरतपुर महानगरपालिका भित्र सञ्चालित संस्थाका संचालक, पदाधिकारी, कर्मचारी तथा सहकारी क्षेत्रमा आवद्ध जनशक्तिहरु दफा ३६ बमोजिमको शिक्षा, तालिम कार्यक्रममा सहभागी बन सक्नेछन्।

३८. **सहभागी छनोट विधिः**

१) शिक्षा, तालिम कार्यक्रम संचालन गर्दा भरतपुर महानगरपालिका भित्र संचालनमा रहेका संस्थाका संचालक, पदाधिकारी, कर्मचारी तथा सहकारी क्षेत्रमा आवद्ध जनशक्तिहरुलाई माग अनुसार शिक्षा, तालिम कार्यक्रममा सहभागी गराईनेछ।

२) तालिम माग बढी भएमा भौगोलिक अवस्था, जनसंख्या एवं संस्थाको संख्या समेतको आधारमा समानुपातिक र समावेशी हुने गरी कार्यक्रममा सहभागी छनोट गरिनेछ।

३९. **प्रशिक्षक वा सहजकर्ता सम्वन्धी व्यवस्थाः**

१) भरतपुर महानगरपालिका, सहकारी तथा रोजगार प्रवर्द्धन शाखाबाट संचालन गरिने सहकारी शिक्षा, तालिम र अन्य कार्यक्रममा देहाय

बमोजिम सहजकर्ता एवं स्रोत व्यक्तिहरु रहनेछन:-

क) प्रमुख प्रशासकीय अधिकृत,

ख) नगर प्रमुख, नगर उप-प्रमुख, वडा अध्यक्षहरू, कार्यपालिका सदस्यहरु र वडा सदस्यहरु,

ग) सम्बन्धित विषयमा विज्ञता भएका महानगरपालिकाका अधिकृतस्तरको कर्मचारी तथा अन्य सम्बन्धित विषयका विज्ञहरु,

घ) प्रशिक्षक प्रशिक्षण तालिम प्राप्त गरेका सहकारी तथा रोजगार प्रवर्द्धन शाखामा कार्यरत कर्मचारीहरु,

ङ) सहकारी संचालनको अनुभव भएका सहकारी संचालक, पूर्व सञ्चालक, संस्थाका कार्यकारी अधिकृत/व्यवस्थापक, सहकारी व्यवसायी तथा अभियन्ताहरु,

च) कार्यक्रमसँग सम्बन्धित विषयको विषयविज्ञ/प्राविधिक।

**१०. शिक्षा, तालिम कार्यक्रम संचालन हुने स्थान:**

१) सहकारी तथा रोजगार प्रवर्द्धन शाखाले संचालन गर्ने शिक्षा, तालिम कार्यक्रम सहभागीको पहुँच, सहभागीको संख्या, बजेटलाई मध्यनजर गरी भरतपुर महानगरपालिकाको जुनसुकै वडामा स्थलगतरुपमा संचालन गर्न सकिनेछ।

**११. शिक्षा, तालिम कार्यक्रम संचालन खर्च र पारिश्रमिक:**

१) सबै प्रकारका शिक्षा, तालिम, गोष्टि, सेमिनार कार्यशाला आदि कार्यक्रम संचालन गर्दा लाग्ने कार्यक्रम संचालन खर्च र पारिश्रमिक स्वीकृत बजेटको परिधि भित्र रही देहायबमोजिम हुनेछ।

क. प्रति कार्यक्रम कार्यक्रमको उद्घाटन/समापनसत्रमा उपस्थित जनप्रतिनिधि/प्रमुख प्रशासकीय अधिकृत
उपस्थिति भत्ता: रु.२०००/- प्रतिव्यक्ति

ख. बाह्य सहजकर्ता
कार्यपत्र/टिप्पणी बापत : रु. १६००/-
प्रवचन बापत : रु. १६००/-

ग. आन्तरिक सहजकर्ता

कार्यपत्र/टिप्पणी बापत : रु. १६००/-

घ. सहजकर्ता, सहभागी, संयोजक र सहयोगी

खाजा खर्च : रु. २००/- (प्रति व्यक्ति प्रति दिन)

ङ. सहजकर्ता यातायात

प्रति दिन : रु. ३००/-

च. प्रति कार्यक्रम सहभागी यातायात

२ दिन सम्मलाई रु. २००/-

३ दिन देखि ६ दिन सम्मलाई रु. ५००/-

छ. प्रति कार्यक्रम प्रशिक्षण मसलन्द (बोर्डमार्कर, कार्यपत्रको छायाँ प्रति, मेटा कार्ड आदि )

२ दिन सम्मको रु. १०००/-

३ दिन सम्मको रु. १५००/-

४ दिन देखि ६ दिन सम्मको रु. ३०००/-

ज. प्रति कार्यक्रम आधारभूत सहकारी लेखापालन तालिममा प्रयोगात्मक अभ्यासको लागि थप

भौचर, आम्दानी, खर्च, सम्पति र दायित्व खाता खरिद खर्च रु. ३०००/-

झ. सहभागी स्टेसनरी

स्टेसनरी खर्च : रु. १२०/- (प्रति व्यक्ति)

ञ. तालिम संयोजक

भत्ता प्रतिदिन रु. ४००/-

ट. तालिम सहयोगी

भत्ता प्रतिदिन रु. ३००/-

ठ. तालिम हल

हल भाडा प्रतिदिन रु. प्रचलित बजार दर बमोजिम

ड. कार्यक्रम प्रतिवेदन

प्रति कार्यक्रम प्रति प्रतिवेदन रु. १०००/-

ढ. विविध खर्च (मोबाइल रिचार्ज, पानी, स्यानीटाईजर आदि)

प्रति कार्यक्रम रु. २०००/-

ग. प्रोजेक्टर, जेनेरेटर

भाडा प्रतिदिन रु. प्रचलित बजार दर बमोजिम

[illegible]. **सुपरिवेक्षण, अनुगमन, तथा मूल्याङ्कनः** शिक्षा, तालिम संचालन कार्यक्रमको सुपरिवेक्षण, अनुगमन तथा मूल्याङ्कन आवश्यकता अनुसार भरतपुर महानगरपालिकाले गर्न सक्नेछ ।

[illegible]. **शिक्षा, तालिम कार्यक्रमको आवश्यकता पहिचान तथा प्रभावकारीता अध्ययनः** सहकारी तथा रोजगार प्रवर्द्धन शाखाले समय समयमा तालिम आवश्यकताको पहिचान गर्ने तथा पहिले संचालन गरेका कार्यक्रमहरुको प्रभावकारीता अध्ययन गरी सोही बमोजिम आगामी आर्थीक वर्षहरुमा संचालन गर्ने कार्यक्रमहरु परिमार्जन गरी स्वीकृतिको लागि भरतपुर महानगरपालिकामा पेश गर्नुपर्नेछ ।

[illegible]. **प्रतिवेदन पेश गर्नुपर्नेः** शिक्षा, तालिम कार्यक्रम सम्पन्न भएपछि कार्यक्रम संयोजकले कार्यक्रम संचालन अवधि, स्थान, विषयवस्तु, सहभागी र सहजकर्ता सहितको विवरण खोली भरतपुर महानगरपालिकामा प्रतिवेदन पेश गर्नुपर्नेछ ।

[illegible]. **विशेषज्ञ सहजकर्ता उपलब्ध गराउन सकिनेः** सहकारी संघहरु, सहकारी संस्थाहरु, स्थानीय तहहरु र अन्य निकायबाट तालिम, छलफल, गोष्ठी संचालन गरी विशेषज्ञ/सहजकर्ता माग गरेमा सहकारी तथा रोजगार प्रवर्द्धन शाखाले उपलब्ध गराउनेछ ।

[illegible]. **कार्यविधि बमोजिम हुनेः** सहकारी अनुदान, शिक्षा, तालिम र अन्य कार्यक्रम सम्बन्धमा यस कार्यविधिमा भएका व्यवस्थाहरु यसै कार्यविधि बमोजिम र अन्य विषयको हकमा प्रमुख प्रशासकीय अधिकृतबाट स्वीकृत भए बमोजिम हुनेछ ।

[illegible]. **नगर प्रमुखको निर्णय बमोजिम हुनेः** यस कार्यविधिमा अन्यत्र जुनसुकै शीर्षकको भएता पनि सहकारी तथा रोजगार प्रवर्द्धन शाखाको स्वीकृत वार्षिक कार्यक्रममा विनियोजित अनुदान रकम नगर प्रमुखको निर्णय बमोजिम सहकारी संस्थालाई प्रदान गर्न सकिनेछ ।

[illegible]. **व्याख्या गर्ने अधिकारः** यस कार्यविधिको कार्यान्वयनका सिलसिलामा हुने प्रावधानमा द्धिविधा उत्पन्न भएमा नगरकार्यपालिकाको बैठकको निर्णय बमोजिम हुनेछ ।

१९. **खारेजी र बचाउ:** सहकारी संस्थाहरुलाई अनुदान सुविधा प्रदान गर्ने कार्यविधि, २०७६ र सहकारी शिक्षा, तालिम र अन्य कार्यक्रम संचालन निर्देशिका, २०७७ खारेज गरिएको छ। यस भन्दा पहिले संचालित अनुदान कार्यक्रम र अन्य कार्यक्रमहरु क्रमश: सहकारी संस्थाहरुलाई अनुदान सुविधा प्रदान गर्ने कार्यविधि, २०७६ र सहकारी शिक्षा, तालिम र अन्य कार्यक्रम संचालन निर्देशिका, २०७७ बमोजिम नै भए गरेको मानिनेछ।

अनुसूची- १

(दफा १२ सँग सम्बन्धित)

दरखास्तको ढाँचा

श्री प्रमुख प्रशासकीय अधिकृतज्यू,
भरतपुर महानगरपालिका
नगर कार्यपालिकाको कार्यलय
भरतपुर, चितवन।

**विषयः अनुदानका लागि प्रस्ताव पेस गरिएको।**

भरतपुर महानगरपालिका, नगर कार्यपालिकाको कार्यलयबाट मिति ................. मा प्रकाशित सूचना अनुसार संस्थाले भरतपुर महानगरपालिकाको अनुदानसमेतमा ................ आयोजना सञ्चालन गर्न सूचनामा तोकिएका कागजातहरु संलग्न राखी अनुसूची-२ बमोजिमको विवरण खुलाई यो दरखास्त पेस गरिएको [illegible] अनुदान, शिक्षा, तालिम र अन्य कार्यक्रम संचालन कार्यविधि, २०७८ का सर्त, बन्देजहरू पालना गर्न यो संस्था मन्जुर छ।

....................
अध्यक्ष
नाम, थरः
संस्थाको नाम, ठेगानाः
सम्पर्क नं.:

संस्थाको छाप

## अनुसूची- २

### (दफा १२ को खण्ड (झ) सँग सम्बन्धित)

### आयोजनाको विवरण

१) संस्थाको नाम: ..........................................................................................

ठेगाना :

जिल्ला :

म.न.पा. :

वडा नं. :

गाउँ/टोल :

२) दर्ता नम्बर र मिति :

३) आयोजनाको नाम :

४) आयोजनास्थल

जिल्ला :

म.न.पा. :

वडा नं.:

गाउँ/टोल :

५) आयोजना प्रारम्भ हुने मिति:

६) आयोजना सम्पन्न हुने मिति:

७) प्रस्तावित आयोजनाको कुल लागत: रु. ..........................

७.१ स्थीर पुँजी आवश्यकता : रु. ..................................

क. मेसिनरी उपकरण रु. ......................................

ख. जग्गा रु. ...........................................................

ग. भवन रु. ...........................................................

घ. पशुपन्छी खरिद रु. ...........................................

ङ. अन्य (खुलाउने) रु. ...........................................

७.२ कार्यशील पुँजी आवश्यकता : रु. ..........................

७.३ कार्यक्रम खर्चको आयोजनाको हकमा कार्यक्रम खर्च : रु. ...............

८) संस्थाले बेहोर्ने लागत प्रतिशत: ....................

९) संस्थाको लागत बेहोर्ने स्रोत :

क. शेयर रकमबाट रु. ...................

ख. जगेडा कोषबाट रु. ...................

ग. अन्य रु. ...................

१०) भरतपुर महानगरपालिकाको अन्य निकायबाट अनुदान सहयोग प्राप्त गरेको वा प्राप्त गर्न आवेदन दिएको भए खुलाउनेः. ........................................................

**११) सदस्य सहभागिताको अवस्था**

| वर्गीकरण | सहभागिता | | | | | |
|---|---|---|---|---|---|---|
| | साधारण सदस्यमा | | सञ्चालक समिति | | आयोजनाबाट प्रत्यक्ष लाभान्वित हुने | |
| | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत |
| १ महिला | | | | | | |
| २ पुरुष | | | | | | |
| महिला र पुरुष जम्मा (१+२) | | | | | | |
| ३ सीमान्तकृत समुदाय र महिला | | | | | | |
| ४ अन्य समुदाय | | | | | | |
| सीमान्तकृत, महिला र अन्य समुदायको जम्मा(३+४) | | | | | | |

"सीमान्तकृत समुदाय" भन्नाले दलित र पिछडिएका अल्पसङ्ख्यक जनजाति समुदाय सम्झनु पर्छ र सो शब्दले अपाङ्गता भएका व्यक्तिहरूलाई समेत जनाउँछ।

१२. कार्यालयको भौतिक स्थिति

आफ्नै भवन ☐

भाडाको घर ☐

१३. संस्थागत सुशासनको स्थितिः

१३.१ सञ्चालक समितिको बैठक मासिक नियमित छ ☐ छैन ☐

१३.२ पछिल्लो वार्षिक साधारण सभा सम्पन्न मिति ☐

१३.३ पछिल्लो वार्षिक लेखा परीक्षण सम्पन्न मिति ☐

१३.४ लेखा सुपरिवेक्षण समितिको क्रियाशिलता कस्तो छ ? (क,ख,ग,घ मध्य कुनै एकमा ठिक चिन्ह दिनुहोस्।)

क. सुपरिवेक्षण गरी संचालक समितिलाई लिखित राय सुझाव दिने, आफ्नो छुट्टै बैठक बस्ने, निर्णय गर्ने, साधारण सभामा प्रतिवेदन

प्रमुख

पेश गर्ने गरेको

ख. सुपरिवेक्षण मात्र गरी राय सुझाव मात्र दिने गरेको

ग. नियमित रुपमा नगरी कहिलेकाहिँ मात्र गर्ने गरेको

घ. लेखा सुपरिवेक्षण समिति क्रियाशिल छैन

१३.४.१ विषयगत संघहरूमा आबद्ध छ ☐ छैन ☐

१३.५ संस्थाको आन्तरिक कार्यविधि

१३.५.१ आन्तरिक कार्यविधि छ ☐ छैन ☐

१३.५.२ आन्तरिक कार्यविधिछ भने कतिवटा:

क.१ देखि ५ ख. ५ भन्दा बढी

१३.६ संस्थाले नियमित रुपमा निर्धारित समयभित्र महानगरपालिकामा पठाउनुपर्ने मासिक प्रगति विवरण तथा अन्य प्रतिवेदन पठाएको -

छ ☐ छैन ☐

१३.७ आयोजनाको सम्भाव्यता अध्ययन छ छैन

१३.८ सम्भाव्यता अध्ययन भएको भए व्यवसायको वार्षिक मुनाफा दर:

१३.९ संस्थाले स्वीकृत कार्यक्षेत्र वाहिर कारोवार छ ☐ छैन ☐

१३.१० संस्थाले गैर सदस्य संग कारोवार छ ☐ छैन ☐

१३.११ सहकारी सूचना प्रणालीमा आवद्धता- भएको ☐ नभएको ☐

१३.१२ सञ्चालक समितिमा महिला सहभागिता – भएको ☐ नभएको ☐

भए कति प्रतिशत खुलाउने:-

१४. सामूहिक व्यवस्थापनमा सञ्चालन

क. ☐ हुने ☐ नहुने

ख. हुने भए सामूहिक रूपमा के कसरी सञ्चालन गरिने हो, खुलाउने :

..........................................................................................

१५. वातावरणीय सरोकार (प्राकृतिक स्रोतको जगेर्ना, जैविक विविधतामा बढोत्तरी, स्थानीय जातको संरक्षण, प्राङ्गारिक खेतीपाती, प्रदूषणको रोकथामलगायतमा पर्ने प्रभाव)

क. सकारात्मक प्रभाव हुने ☐ नहुने ☐

ख. हुने भए के कस्तो हुने हो, खुलाउने :

..........................................................................................

ग) नकारात्मक प्रभाव हुने ☐ नहुने ☐

घ) हुने भए के कस्तो हुने हो, खुलाउने :

.........................................................................

१६. भरतपुर महानगरपालिका बाट यस अघि संस्थाले अनुदान लिएको:

छ ☐ छैन ☐

अनुदान लिएको छ भने कहिले............कति.......... कुन शाखाबाट.........

१७. भरतपुर महानगरपालिकाको अन्य शाखामा यस आर्थिक बर्षमा अनुदान माग गरेको: छ ☐ छैन ☐

अनुदान माग गरेको छ भने कुन शाखामा माग गरेको

१८. बागमती प्रदेशबाट यस अघि संस्थाले अनुदान लिएको:

छ ☐ छैन ☐

अनुदान लिएको छ भने कहिले...............कति................. कुन शाखा/महाशाखाबाट.........

१९. बागमती प्रदेशमा यस आर्थिक बर्षमा अनुदान माग गरेको:

छ ☐ छैन ☐

अनुदान माग गरेको छ भने कुन शाखा/महाशाखामा माग गरेको

२०. अन्य कुनै कुरा भए खुलाउने :

.........................................................................

माथि उल्लेखित सम्पूर्ण विवरणहरू सहकारी संस्था/संघको आधिकारीक विवरण हो। झुठो विवरण पेश गरी अनुदान रकम लिएको ठहरे सरकारी बाकीं सरह भरतपुर महानगरपालिकालाई बुझाउला, कानुन बमोजिम सजाय सहुँला भनी मेरो मञ्जुरीले सहिछाप गरिदिए।

संस्थाको छाप

अध्यक्षको हस्ताक्षर

नाम, थर :

संस्थाको नाम र ठेगाना:

अध्यक्षको सम्पर्क नं.:

## अनुसूची–३

(दफा १४ (३) संग सम्वन्धित)

प्रस्ताव मूल्याङ्कन आधार र अङ्क

| सि.नं. | आधार | पूर्णाङ्क | प्राप्ताङ्क |
|---|---|---|---|
| १ | संस्थाको वार्षिक लेखापरिक्षण र वार्षिक साधारण सभा | १५ | |
| | क) दुवै कानूनले निर्धारण गरेको समयभित्र नियमित हुने गरेको | १५ | |
| | ख) निर्धारित समय भन्दा ढिलो हुने गरेको | १० | |
| | ग) साधारण सभा मात्र हुने गरेको | ५ | |
| | घ) लेखा परिक्षण मात्र हुने गरेको | ५ | |
| | ङ) दुवै गर्ने नगरेको | ० | |
| २ | सञ्चालक समितिको बैठक | १० | |
| | क) नियमित रुपमा हुने गरेको | १० | |
| | ख) नियमित नभएको | ५ | |
| ३ | लेखा सुपरिवेक्षण समितिको क्रियाशिलता | १५ | |
| | क) सुपरिवेक्षण गरी संचालक समितिलाई लिखित राय सुझाव दिने, आफ्नो छुट्टै बैठक बस्ने, निर्णय गर्ने, साधारण सभामा प्रतिवेदन पेश गर्ने गरेको | १५ | |
| | ख) सुपरिवेक्षण मात्र गरी नियमित राय सुझाव मात्र दिने गरेको | १० | |
| | ग) नियमित रुपमा नगरी कहिलेकाहिँ मात्र गर्ने गरेको | ५ | |
| ४ | सम्वन्धित निकायमा पठाउनु पर्ने विवरण तथा प्रतिवेदन | १० | |
| | क) नियमित रुपमा पठाउने गरेको | १० | |
| | ख) कहिलेकाँहि मात्र पठाउने गरेको | ५ | |
| ५ | संस्थाको आन्तरिक कार्यविधि | १० | |
| | क) आवश्यक सबै कार्यविधिभएको (५ वटा भन्दा बढी भएको) | १० | |
| | ख) आंशिक मात्र भएको (१ देखि ५ वटा भएको) | ५ | |
| | ग) कुनै पनि कार्यविधिनभएको | ० | |
| ६ | संस्थाको भवन व्यवस्था | १० | |
| | क) आफ्नो भवन भएको | १० | |
| | ख) भाडामा लिनुपर्ने | ७ | |

| | | | |
|---|---|---|---|
| ७ | संस्थाको कारोवार र कार्यक्षेत्र | ५ | |
| | क) संस्थाले स्वीकृत कार्यक्षेत्र भित्र मात्र कारोवार गरेको | ५ | |
| | ख) संस्थाले स्वीकृत कार्यक्षेत्र बाहिर पनि कारोवार गरेको | ३ | |
| ८ | संस्थाको कारोवार र सदस्य | ५ | |
| | क) संस्थाले शेयर सदस्य भित्र मात्र कारोवार गरेको | ५ | |
| | ख) संस्थाले गैर सदस्य सँग पनि कारोवार गरेको | ३ | |
| ९ | सदस्य सहभागिता | १० | |
| | क) बहुसंख्यक सिमान्तकृत र महिला सदस्यको सहभागिता | १० | |
| | ख) बहुसंख्यक अन्य सदस्यको सहभागिता | ७ | |
| १० | सहकारी सूचना प्रणालीमा आवद्धता | ५ | |
| | क) आवद्धता भए | ५ | |
| | ख) आवद्धता नभए | ३ | |
| ११ | सञ्चालक समितिमा महिला सहभागिता | ५ | |
| | क) तेत्तिस प्रतिशत भन्दा बढी भएमा | ५ | |
| | ख) तेत्तिस प्रतिशत भन्दा कम भएमा | ३ | |
| | ग) नभएमा | २ | |
| | जम्मा | १०० | |

## अनुसूची- ४

**(दफा २७ (१) सँग सम्बन्धित)**

**दरखास्तको ढाँचा**

श्री प्रमुख प्रशासकीय अधिकृतज्यू,
भरतपुर महानगरपालिका
नगर कार्यपालिकाको कार्यलय,
भरतपुर, चितवन।

**विषय: ब्याज अनुदानका लागि प्रस्ताव पेस गरिएको।**

भरतपुर महानगरपालिका, नगर कार्यपालिकाको कार्यलयबाट मिति.................. मा प्रकाशित सूचना अनुसार मलाई भरतपुर महानगरपालिकाको ब्याज अनुदानमा ............................ आयोजना सञ्चालन गर्ने ईच्छा भएको हुदाँ सूचनामा उल्लिखित कागजातहरु संलग्न राखी अनुसूची- ५ बमोजिमको विवरण खुलाई यसैसाथ पेश गरेको छु। सहकारी अनुदान, शिक्षा, तालिम र अन्य कार्यक्रम संचालन कार्यविधि, २०७८ का सर्त, बन्देजहरू पालना गर्न म मन्जुर छु।

भवदीय,
....................
नाम, थरः
ठेगानाः
सम्पर्क नं.:

## अनुसूची-८

### (दफा २७ (१) घ सँग सम्बन्धित)

१. आवेदकको नागरिकता अनुसारको नाम:

२. आवेदकको नागरिकता अनुसारको उमेर

३. आवेदकको नागरिकता अनुसारको लिंग    महिला    पुरुष    अन्य

४. आवेदक    दलित    गैह्र दलित

५. आवेदकले संचालन गर्ने व्यवसायको प्रकृति    कृषि    गैह्र कृषि

६. गर्ने व्यवसाय दर्ता गरेको    छ (छ भने प्रमाणपत्रको प्रतिलिपि)    छैन

७. संचालन गर्ने व्यवसाय संग सम्बन्धित तालिम लिएको    छ (छ भने प्रमाणपत्रको प्रतिलिपि)    छैन

८. व्यवसाय संचालन भै रहेको    छ (छ भने फोटो)    छैन

९. व्यवसाय गर्ने पुर्वाधार तयारी    छ (छ भने फोटो)    छैन

१०. अन्य कुनै निकायबाट व्याज अनुदान प्राप्त गरेको    छ    छैन

११. व्याज अनुदानको लागि अन्य कुनै निकायमा यस आ.व.मा आवेदन गरेको    छ    छैन

घोषणा: उल्लेखित सम्पूर्ण विवरणहरू मेरो आधिकारीक विवरण हो। झुठा विवरण पेश गरी अनुदान रकम लिएको ठहरे सरकारी बाकीं सरह भरतपुर महानगरपालिकालाई बुझाउला, कानुन बमोजिम सजाय सहुँला भनी मेरो मञ्जुरीले सहिछाप गरिदिए।

दस्तखत

नामः

ठेगानाः

सम्पर्क नं.:

## अनुसूची- ६
### (दफा २८ (२) सँग सम्बन्धित)
### प्रस्ताव मूल्याङ्कन आधार र अङ्क

| सि.नं. | मूल्यांकन आधार | पूर्णाङ्क | प्राप्ताङ्क |
|---|---|---|---|
| १ | आवेदकको लिंग | ५ | |
| | महिला | ५ | |
| | पुरुष | ३ | |
| | अन्य | ५ | |
| २ | आवेदक | ५ | |
| | दलित | ५ | |
| | गैह्र दलित | ४ | |
| ३ | आवेदकको उमेर | १५ | |
| | पचास वर्षसम्म | १५ | |
| | पचास भन्दा माथि | १२ | |
| ४ | व्यवसायको प्रकृति | १० | |
| | कृषि | १० | |
| | गैह्र कृषि | ८ | |
| ५ | फर्म/व्यासाय दर्ता | ५ | |
| | फर्म/व्यासाय दर्ता भएको | ५ | |
| | फर्म/व्यासाय दर्ता नभएको | ४ | |
| ६ | व्यवसाय संग सम्बन्धित तालिम | ५ | |
| | व्यवसायसंग सम्बन्धित तालिम लिएको प्रमाणपत्र छ | ५ | |
| | व्यवसाय संग सम्बन्धित तालिम नलिएको | ४ | |
| ७ | व्यवसाय संचालन | ५ | |
| | व्यवसाय संचालन भै रहेको छ | ४ | |
| | व्यवसाय संचालनको लागि पूर्वाधार तयार छ | ५ | |
| | व्यवसाय संचालनको लागि पूर्वाधार तयार गर्नुपर्ने छ | ३ | |
| | **जम्मा** | | |

## अनुसूची -७

**(दफा ३६ (१) संग सम्बन्धित)**

### १. आधारभूत सहकारी लेखापालन तालिम

क) समयावधिः ६ दिन

ख) कक्षा संख्याः २४ वटा

ग) प्रतिकक्षा समयः ९० मिनेट

घ) सहभागीः कम्तीमा २० र बढीमा ३० जना।

ङ) तालिमको उद्देश्य

तालिमको समाप्ती पश्चात सहभागीहरुले निम्न कार्यहरु गर्न सक्नेछन्।

१) सहकारी लेखा प्रणाली अनुसार लेखा राख्न।

२) बिभिन्न बित्तीय प्रतिवेदनहरु तयार गर्न।

३) संस्थाका बित्तीय प्रतिबेदनहरु जाँच तथा बिश्लेषण गर्न।

| सि.नं. | बिषयबस्तु (Course Contents) | कक्षा संख्या |
|---|---|---|
| १ | लेखाको सिद्वान्त अवधारणा र महत्व | १ |
| २ | लेखामा प्रयोग हुने शव्दावली | १ |
| ३ | लेखाङ्कन नियम र समीकरण | २ |
| ४ | सहकारीका मुख्य खाता तथा सहायक खाताहरुको परिचय | १ |
| ५ | गोश्वारा भौचर परिचय र अभ्यास | २ |
| ६ | सहकारी हिसाव संकेत नम्वर | १ |
| ७ | गोश्वारा भौचर तयारी | ८ |
| ८ | खातामा प्रविष्टी | ४ |
| ९ | हिसाव परीक्षा सूचीको परिचय र अभ्यास | १ |
| १० | मिलाउनु पर्ने प्रविष्टी परिचय र अभ्यास | १ |
| ११ | खाताबन्दी | १ |
| १२ | आय विवरण | १ |
| १३ | बचत बितरण | १ |
| १४ | कोषको परिचय र कोष बिवरण | १ |
| १५ | स्थिति बिवरण पत्र वासलात | १ |

| | | |
|---|---|---|
| १६ | ह्रास कट्टी विधि | १ |
| १७ | सहकारीमा लेखा परिक्षण प्रकृया | २ |
| १८ | व्याज गणना बिधि | १ |
| १९ | नगद प्रबाह विवरण परिचय र अभ्यास | ३ |
| २० | COPOMIS को परिचय र प्रयोग अभ्यास सहित | १ |
| २१ | सहकारी अनुगमन तथा व्यवस्थापन प्रणाली सफ्टवेयर प्रयोग | ४ |
| | जम्मा कक्षा | ३९ |

३९ वटा कक्षावाट तालिमको अवधि, सहभागीको स्तर र स्रोत व्यक्तिको उपलव्धताको आधारमा २४ वटासम्म कक्षा छनौट गरी तालिम कार्यक्रम सञ्चालन हुनेछ।

## २. आधारभूत सहकारी व्यवस्थापन तालिम

क) समयावधिः ६ दिन

ख) कक्षा संख्याः २४ वटा

ग) प्रति कक्षा समयः ९० मिनेट

घ) सहभागीः कम्तीमा २० र बढीमा ३० जना।

ङ) तालिमको उद्देश्य

तालिमको समाप्ती पश्चात सहभागीहरुले निम्न कार्यहरु गर्न सक्नेछन्।

१) सहकारीका मूल्य सिद्धान्त र कानूनी प्रावधान अनुरुप संस्था सञ्चालन गर्न।

२) व्यवस्थापनका नवीनतम सीप र कौशललाई संस्थामा उपयोग गर्न।

३) बचत तथा ऋण परिचालन कार्य व्यवस्थित रुपमा सम्पादन गर्न।

४) सहकारीको मानचित्र अनुसार कार्य गर्न।

५) सदस्य केन्द्रीयता सूचकाङ्कको आधारमा संस्थाको बिश्लेषण गर्न।

६) सहकारी संस्थामा जिम्मवारीको आधारमा सुशासन कायम गरी स्वशासित हुन।

७) संस्थामा स्वनियमन, सोको बिश्लेषण र उपयुक्त निर्णय गर्न।

| सि.नं. | विषयबस्तु (Course Contents) | कक्षा संख्या |
|---|---|---|
| १ | सहकारीको अवधारणा र महत्त्व | १ |
| २ | सहकारीका मूल्य मान्यताहरु | १ |
| ३ | सहकारी सिद्धान्त र व्यवहारिक प्रयोग | १ |
| ४ | नेपालको संविधान र समाजवादको अवधारणामा सहकारी | १ |
| ५ | सहकारी अनुगमन सम्बन्धी विद्यमान व्यवस्था | २ |
| ६ | सहकारी ऐन र नियमावली | १ |
| ७ | सहकारी संस्था एकिकरण सम्बन्धि व्यवस्था | १ |
| ८ | सहकारी व्यवसाय र अन्य व्यवसायमा फरक | १ |
| ९ | सहकारीमा बजार व्यवस्थापन तथा कार्य प्रणाली | १ |
| १० | सहकारी व्यवस्थापन प्रणाली | १ |
| ११ | सहकारीमा बजार व्यवस्थापन | १ |
| १२ | सहकारीमा व्यवसायीकता विकास | १ |
| १३ | सहकारीमा बचत तथा ऋण व्यवस्थापन | १ |
| १४ | सहकारीमा नेतृत्व बिकास | २ |
| १५ | सहकारी संस्था सफलताका आधार | १ |
| १६ | सहकारीमा आन्तरिक नियन्त्रण प्रणाली | १ |
| १७ | सहकारीमा लैङ्गिक/जातीय/ भौगोलीक समानता | १ |
| १८ | सञ्चालक तथा व्यवस्थापकलाई चाहिने दक्षता | १ |
| १९ | सहकारीको अन्तरसम्बन्ध तथा विशिष्टीकृत सहकारी संघ | १ |
| २० | सहकारीमा सदस्य केन्द्रीयता सूचकाङ्क अभ्यास समेत | ३ |
| २१ | सहकारीमा अभिलेख व्यवस्थापन | १ |
| २२ | सहकारीमा कर्मचारी व्यवस्थापन | १ |
| २३ | सहकारीमा सूचना व्यवस्थापन | १ |
| २४ | सहकारीमा सुशासन | १ |
| २५ | सम्पत्ति शुद्धीकरण निवारण सम्वन्धी सहकारी संघ/ संस्थाहरुलाई जारी गरिएको निर्देशन, २०७४ का मुख्य मुख्य व्यवस्था | ३ |

| | | |
|---|---|---|
| २६ | सहकारी संस्थाको कोष सम्बन्धी | १ |
| २७ | पशुपालन व्यवसायको सम्भावना र चुनौती | २ |
| २८ | दुधालु पशुमा थुनेलो | १ |
| २९ | रासायनिक मलखादको प्रयोग, व्यवस्थापन र विकल्प | २ |
| ३० | रासायनिक विषादीको प्रयोग, व्यवस्थापन र विकल्प | २ |
| ३१ | COPOMIS को परिचय र प्रयोग अभ्यास सहित | २ |
| ३२ | सहकारी अनुगमन तथा व्यवस्थापन प्रणाली सफ्टवेयर प्रयोग | ४ |
| | **जम्मा कक्षा** | ४५ |

४५ वटा कक्षावाट तालिमको अवधि, सहभागीको स्तर र स्रोत व्यक्तिको उपलब्धताको आधारमा २४ वटासम्म कक्षा छनौट गरी तालिम कार्यक्रम सञ्चालन हुनेछ।

## ३. सहकारी सचेतना तालिमः

क) समयावधिः ३ देखि ४ दिन

ख) कक्षा संख्याः १२ देखि १६ वटा

ग) प्रति कक्षा समयः ९० मिनेट

घ) सहभागीः समानुपातिक रुपमा कम्तीमा २० बढीमा ३५ जना।

ङ) तालिमको उद्देश्यः-

तालिमको समाप्ती पश्चात सहभागीहरुले निम्न कार्यहरु गर्न सक्नेछन्

१) सहकारीका मूल्य सिद्धान्त र कानूनी प्रावधान अनुरुप संस्था सञ्चालन गर्न।

२) व्यवस्थापनका नवीनतम सीप र कौशललाई संस्थामा उपयोग गर्न।

३) बचत तथा ऋण परिचालन कार्य व्यवस्थित रुपमा सम्पादन गर्न।

४) सहकारीको मानचित्र अनुसार कार्य गर्न।

५) सदस्य केन्द्रीयता सूचकाङ्कको आधारमा संस्थाको बिश्लेषण गर्न।

६) सहकारी संस्थामा जिम्मवारीको आधारमा सुशासन कायम गरी स्वशासित हुन।

७) संस्थामा स्वनियम, सोको बिश्लेषण र उपयुक्त निर्णय गर्न।

| सि.नं. | बिषयबस्तु (Course Contents) | कक्षा संख्या |
|---|---|---|
| १ | सहकारीको अवधारणा, मूल्य, मान्यता र महत्त्व | ३ |
| २ | सहकारी सिद्धान्त र व्यवहारिक प्रयोग | १ |
| ३ | सहकारी अनुगमन सम्बन्धी विद्यमान व्यवस्था | २ |
| ४ | सहकारी ऐन र नियमावली | १ |
| ५ | सहकारी संस्था एकिकरण सम्बन्धि व्यवस्था | १ |
| ६ | सहकारी व्यवस्थापन प्रणाली | १ |
| ७ | सहकारीमा बजार व्यवस्थापन | १ |
| ८ | सहकारीमा व्यवसायीकता विकास | १ |
| ९ | सहकारीमा बचत तथा ऋण व्यवस्थापन | १ |
| १० | सहकारीमा नेतृत्व बिकास | २ |
| ११ | सहकारी संस्था सफलताका आधार | १ |
| १२ | सहकारीमा आन्तरिक नियन्त्रण प्रणाली | १ |
| १३ | सञ्चालक तथा व्यवस्थापकलाई चाहिने दक्षता | १ |
| १४ | सहकारीको अन्तरसम्बन्ध तथा विशिष्टीकृत सहकारी संघ | १ |
| १५ | सहकारीमा सदस्य केन्द्रीयता सूचकाङ्क अभ्यास समेत | ३ |
| १६ | सहकारीमा अभिलेख व्यवस्थापन | १ |
| १७ | सहकारीमा कर्मचारी व्यवस्थापन | १ |
| १८ | सहकारीमा सूचना व्यवस्थापन | १ |
| १९ | सहकारीमा सुशासन | १ |
| २० | सम्पत्ति शुद्धीकरण निवारण सम्वन्धी सहकारी संघ/संस्थाहरुलाई जारी गरिएको निर्देशन, २०७४ का मुख्य मुख्य व्यवस्था | ३ |
| २१ | सहकारी संस्थाको कोष सम्बन्धी | १ |
| २२ | पशुपालन व्यवसायको सम्भावना र चुनौती | २ |
| २३ | दुधालु पशुमा थुनेलो | १ |
| २४ | रासायनिक मलखादको प्रयोग, व्यवस्थापन र विकल्प | २ |
| २५ | रासायनिक विषादीको प्रयोग, व्यवस्थापन र विकल्प | २ |
| २६ | COPOMIS को परिचय र प्रयोग अभ्यास सहित | २ |
| २७ | सहकारी अनुगमन तथा व्यवस्थापन प्रणाली सफ्टवेयर प्रयोग | ४ |
| | **जम्मा कक्षा** | **४२** |

४२ वटा कक्षाबाट अवधि, सहभागीको स्तर र स्रोत व्यक्तिको उपलब्धताको आधारमा १२ देखि १६ वटा कक्षा छनौट गरी तालिम कार्यक्रम सञ्चालन हुनेछ।

## ४. सहकारी एकीकरण प्रवर्द्धन तालिम

क) समयावधिः १ देखि २ दिन

ख) कक्षा संख्याः ४ देखि ८ वटा

ग) प्रति कक्षा समयः ९० मिनेट

घ) सहभागीः कम्तीमा २० र बढीमा ३५ जना।

ङ) तालिमका उद्देश्य

तालिमको समाप्ती पश्चात सहभागीहरुले निम्न कार्यहरु गर्न सक्नेछन्

१) सहकारीका मूल्य सिद्धान्त र कानूनी प्रावधान अनुरुप संस्था सञ्चालन गर्न।

२) सहकारी संस्था एकिकरण परिचय, आवश्यकता र चुनौती बिश्लेषण गर्न।

३) संस्थामा स्वनियम, सोको बिश्लेषण र उपयुक्त निर्णय गर्न।

| सि.नं. | बिषयबस्तु (Course Contents) | कक्षा संख्या |
|---|---|---|
| १ | सहकारीको अवधारणा, मूल्य, मान्यता, सिद्धान्त र महत्त्व | ५ |
| २ | सहकारी संस्था एकिकरण परिचय, आवश्यकता र चुनौती | २ |
| ३ | सहकारी संस्था एकिकरण सम्बन्धि व्यवस्था | २ |
| ४ | सहकारी संस्थाको कोष सम्बन्धी | १ |
| | **जम्मा कक्षा** | **१०** |

१० वटा कक्षावाट उपलव्ध कार्यक्रम तथा बजेट, समय सीमा, सहभागीको माग, स्तर, आवश्यकता र स्रोत व्यक्तिको उपलब्धताको आधारमा ४ देखि ८ वटा कक्षा छनौट गरी तालिम कार्यक्रम सञ्चालन हुनेछ।

## ५. सहकारी अनुगमन तथा व्यवस्थापन प्रणाली तालिम

क) समयावधिः १ देखि २ दिन

ख) कक्षा संख्याः ४ देखि ८ वटा

ग) प्रति कक्षा समयः ९० मिनेट

घ) सहभागीः कम्तीमा २० र बढीमा ३५ जना।

ङ) तालिमका उद्देश्य

तालिमको समाप्ती पश्चात सहभागीहरुले निम्न कार्यहरु गर्न सक्ने छन्।

१) सहकारी अनुगमन तथा व्यवस्थापन प्रणाली सफ्टवेयरको परिचय, आवश्यकता र चुनौती बिश्लेषण,

२) सहकारी अनुगमन तथा व्यवस्थापन प्रणाली सञ्चालन,

३) सहकारी संस्थाहरुले प्रविधिको आवश्यकता र महत्व बोध गराउन।

४) सहकारी संस्थाहरुको कार्यालय पहुँच सहज बनाउन।

| सि.नं. | बिषयबस्तु (Course Contents) | कक्षा संख्या |
|---|---|---|
| १ | सहकारी अनुगमन तथा व्यवस्थापन प्रणाली सफ्टवेयरको परिचय | २ |
| २ | सहकारी अनुगमन तथा व्यवस्थापन प्रणाली सफ्टवेयरको आवश्यकता र चुनौती | २ |
| ३ | सहकारी अनुगमन तथा व्यवस्थापन प्रणाली सफ्टवेयर प्रयोग | ६ |
| | **जम्मा कक्षा** | **१०** |

१० वटा कक्षावाट उपलव्ध कार्यक्रम तथा बजेट, समय सीमा, सहभागीको माग, स्तर, आवश्यकता र स्रोत व्यक्तिको उपलव्धताको आधारमा ४ देखि ८ वटा कक्षा छनौट गरी तालिम कार्यक्रम सञ्चालन हुनेछ।